# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः८ | संख्याः ५ | १८ माघ, २०८२ |


## भाग १

**कालिञ्चोक गाउँपालिका**

**नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**संवत् २०८२ सालको नीति संख्या ५**

# " कालिञ्चोक गाउँपालिकाको गरिब निवारण नीति,२०८२"

## १. परिचय

१.१. **पृष्ठभूमी** : नेपालको संविधानले नागरिकलाई मर्यादित जीवन बाँच्न पाउने हक सुनिश्चित गरेको छ। यसमा मावन विकास समाजिक न्याय र सुरक्षा समाव संरक्षण नागरिकको आधारभूत आवश्यकताको परिपुर्ति जस्ता विषयमा राज्यलाई मागर्दर्शन गरी सुशासन मानव अधिकार सामाजिक र आर्थिक समृद्धि सामाजिक रूपान्तरण र समावेशीकरणलाई राज्य सञ्चालनको आधारका रूपमा लिइएको छ। गरिबी निवारणका प्रयासहरूलाई नीतिगत मार्गदर्शन गर्न र गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको समन्वय गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न गरिबी

निवारण नीति आवश्यक भएको हो । संघीयता पश्चातको नेपालको वागमती प्रदेश अन्तरगत पर्ने दोलखा जिल्लालाई ९ वटा स्थानीय तहमा विभाजन गरिएको छ कालिन्चोक गाउँपालिकामा ९ वडाहरू रहेका छन । भौतिक पूवार्धारका हिसाबले हेर्ने हो भने सबै वडाहरूलाई मोटर बाटोले छोई सकेको छ। प्राय जसो सबै वडा तहमा कच्ची मोटर बाटो पुगेको भएता पनि ती क्षेत्रमा सहज रूपमा यातायातका साधनहरू सञ्चालन गर्न चुनौती रहेको छ । गाउँपालिकाको पहिचानका लागि कहीं धामिर्क स्थल, मौलिक संस्कृति, गुणस्तरीय मह, स्वादिलो माछा, उच्चकोटीको खसी/बोकाको मासु साथै अरु माध्यमबाट पहिचान गराउन सकिने अवस्था देखिन्छ। परम्परागत आर्थिक गतिविधि र वाणिज्य क्षेत्रमा केही विकास भएको देखिएको भए पनि नगन्य मात्रामा रहेका , उद्योग, फर्निचर उद्योग बाहेक अरु उद्योगहरू कहिकतै भएको पाईदैन। यस पालिकाका करिब दुई तिहाई युवाहरू रोजगारीको शिलशिलामा भारत र खाडी मुलकतिर गएको पाईन्छ। यो क्रम दिनानुदिन बृद्धि भएकोले हालैको अवस्थामा युवाहरूका लागि सञ्चालन भएका जीवनउपयोगी सीप विकास र उद्यमशिलता विकास तालिममा देखिएको युवाहरूको उपस्थितिबाट स्पष्ट देखाएको छ। गाउँपालिकाका प्राकृतिक श्रोत अलपत्र हुन गई रहेको छ भने युवाहरू विदेश पलायनको क्रम जारीनै छ। अधिकांश खेतीयोग्य जमिन बाँझो रहेको छ। प्राकृतिक श्रोत साधनले सम्पन्न यस क्षेत्रको विकासका लागि युवा पिंढीलाई स–साना लघु तथा घरेलु उद्योगमा सलंग्न गराउन सकेमा आर्थिक गतिविधिमा गतिशीलता आउनुका साथै युवाहरूलाई विदेश पलायनबाट रोक्न सके केही वर्षमै स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गराउन सकिने प्रवल सम्भावना देखिन्छ।

## १.२. गरिबी सम्बन्धी विश्लेषण,

आर्थिक वर्ष २०७४/७५ मा नेपालको कुल जनसंख्याको करिब १८.७ प्रतिशत जनसख्या गरिबीको रेखामुनी रहेका थिए । सोही आर्थिक वर्षमा नेपालीहरूको प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मल्यमा) १०१२ अमेरिकी डलर रहने अनुमान गरिएको थियो । त्यसैगरी प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा) रु. १,०३,३३५ (अमेरीका डलर १००४) रहने अनुमान गरिएको थियो । त्यसैगरी सोही आर्थिक वर्षमा धनी र गरिब बीचको खाडल (निजी गुणक) ०.३१ रहेको थियो । मुलुकको गरिबीको विश्लेषण गर्दा यहाँको गरिबी पृथक प्रकृतिको देखिन आउँछ । भौगोलिक क्षेत्र, जाति, लिङ्ग, अपाङ्गता भएका नागरिकहरू, सिमान्तकृत वर्ग समेतका आधारमा मात्र नेपालको गरिबीको फैलावट, गरिबीको सघनता, विषमता र गहनतालाई मनन गर्न सकिन्छ । समाजको परिवर्तित संरचना बदलिंदो जीवनशैली प्रविधिमा भएको विकास तथा सोको उपयोग

समेतले गरिबीको आयाम र बुझाईमा सापेक्ष चिन्तन भित्रिएकोछ। शहरी क्षेत्रमा अव्यवस्थित बसाई सराईको तिब्रता र विप्रेषणको प्रभावबाट ग्रामीण गरिबी केही घटेको छ । भने ग्रामीण गरिबी शहरी गरिबीको रूपमा रूपान्तरण हुने क्रम बढ्दै गएको छ । तेह्रौं योजनासम्म आईपुग्दा गरिबीको रेखा मुनी रहेको जनसंख्याको ठुलो हिस्सा गरिबीको दृष्चक्रमा परिरहको आङ्कलन गरिएको थियो । हाल सोह्रौ योजनाको अन्त्यतिर आईपग्दा समेत गरिबी निवारण र आर्थिक असमानताको क्षेत्रमा अपेक्षाकृत उपलब्धी हासिल हुन सकको छैन ।

सन् २०११ मा नेपालको मानव विकास सुचकाङ्क ०.४९० थियो । नौवटा आर्थिक विकास क्षेत्र हरूमध्ये काठमाण्डौ उपत्यकाले  मानव विकास सुचकाङ्क सबैभन्दा बढी ०.६२२ थियो भने पश्चिम मध्यपश्चिम र सुदुर पश्चिमका हिमाली क्षेत्रको मानव विकासक सुचकाङ्क सबैभन्दा कम ०.३९८ रहेको थियो  । मानव विकास सुचकाङ्कमा माथि रहेको ५ वटा जिल्लाहरू काठमान्डौ, ललितपुर, कास्की, भक्तपुर र मनाङ थिए । चितवन जिल्ला सहित यी जिल्लाहरूको मानव विकास सुचकाङ्क ०.५५ भन्दा माथि थियो । त्यसैगरी मानव विकास सुचकाङ्कमा तल परेको ५ वटा जिल्लाहरू बाजुरा, बझाङ कालिकोट, हुम्ला र अछाम थिए । जातिगत विश्लेषणका आधारमा मधेशी दलित र मुस्लिम समुदायको मानव विकास सुचकाङ्क तुलनात्मक रूपमा तल रहेको थियो । तथापी सन् २०१८ मा नेपालको मानव विकास सुचकाङ्क ०.५७८ रहेको थियो ।

बहुआयामिक गरिबी सुचकाङ्क (एम.पि.आई) का आधारमा नेपालमा जनसंख्याको २८.६ प्रतिशत मानिसहरू गरिबीको रेखामुनी रहेको पाईन्छ। यस अनुसार शहरी जनसंख्याको ७ प्रतिशत र ग्रामीण जनसंख्याको ३३ प्रतिशत मानिसहरू गरिबीको रेखा मुनी रहेको देखिन्छ। मधेश र कर्णाली प्रदेशमा गरिबीको दर उच्च रहेको देखिएको छ।

२०७२ बैशाखमा गएको महाभुकम्प तथा २०७४ सालको बढीबाट गरिबीको स्थितिमा नकारात्मक असर रहेको देखिएको छ। गरिबी निवारणका लागि स्थानीय आर्थिक क्रियाकलापहरूलाई बढाउने र आधारभूत सार्वजनिक सेवा प्रवाह क्षमताको पुर्नस्थापना लगायत पुननिमार्णका कार्यहरूको प्रभावकारी कार्यान्वयन आवश्यक भएको छ ।

## १.३. गरिबी निवारणका चुनौती

क) गरिबी र पछौटेपनलाई समाजबाट रिमिटयान्स नपाउञ्जेल नागरिकहरूको समृद्धिको चाहना सम्भव नहुने भएको हुँदा गरिबीको बुझाईमा एकरूपता कायम गरी गरिबी निवारणको प्रयासलाई एकीकृत, सार्थक र प्रभावकारी बनाउनु ।

ख) प्रत्येक वर्ष श्रम बजारमा जाने श्रमिकलाई गाउँपालिका भित्रै रोजगारीको सिर्जना गरी वैदेशिक रोगजारको बहाव र प्रभावलाई न्यूनीकरण गर्नु ।

ग) कृषि पेशालाई मर्यादित बनाई व्यवसायिकरण र आधुनिकीकरण गरी आकषर्क बनाउन र कृषिमा आश्रित अधिक जनसंख्यालाई व्यवसायिक कृषि कृषिजन्य उद्योग र गैरकृषि उत्पादनशिल क्षेत्रमा स्थानान्तरण गराउनु ।

घ) गरिब परिवारका बालबालिकाले जीवनउपयोगी शिक्षा पाउन सकेका छैनन । उनीहरूले जीवनभर न्यून ज्यालामा श्रम गर्नुपर्ने र अधिक जोखिमपूर्ण श्रम गर्नुपर्ने अवस्था रहेको हुँदा गरिब पुर्नगरिबीको दृष्चक्रभित्र पर्न जाने अबस्थाबाट पार लगाउनु ।

ङ) पुँजी र प्रविधिमा गरिब व्यक्ति तथा परिवारको पहुँच नगण्य छ। मुल्य बुद्धिको कारणले गरिब व्यक्ति तथा परिवारले मर्यादित जीवनउपयोगीको लागि अत्यावश्क बस्तुहरू किन्न नसक्ने अवस्था छ । यस्तो स्थितिमा गरिब व्यक्ति तथा परिवारलाई गरिबीको दुष्चक्रबाट बाहिर ल्याउनु ।

च) गाँउपालिकामा रहेका वास्तविक गरिब व्यक्ति, परिवार तथा समुदाय पहिचान गरी उनीहरूको जीवनस्तर उठाउने गरी लक्षित कार्यक्रम सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

## १.४. गरिबी निवारण नीतिको आवश्यकता र औचित्य

क) कमजोर र विपन्न वर्गलाई माथि उठाउन गरिबी घटाउन र अन्तत : गरिबीलाई वर्तमान पुस्ताबाटै हटाउन गाउँपालिका स्तरीय गरिबी निवारण नीतिको आवश्यकता रहेको छ ।

ख) गरिबी निवरणका लागि संलग्न सबै सरोकारवालाहरूका बीच समन्वय गर्न र गरिबी निवारण सम्बन्धी योजना कार्यक्रम तथा परियोजनाहरू तर्जुमा एवम कायार्न्वियन गर्ने कार्यमा मार्गनिर्देशन गर्न गरिबी निवारण नीतिको आवश्यकता देखिएको हो ।

## २. गरिबी निवरण नीति

२.१. **दीर्घकालिन सोच** : गरिबमुक्त र समानतायुक्त समाज आर्थिक असमता न्यूनीकरण गर्ने एवम् गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत घटाउने ।

२.२. **उद्देश्य** : सरोकारवाला निकायहरू र स्थानीय तहको साथसाथै निजी, सहकारी र गैरसरकारी क्षेत्रको  समन्वय र सहकार्यबाट गरिबी निवारणको लक्ष्य प्राप्त गर्ने यो नीतिको उद्देश्य रहेका` छ ।

२.३. **नीतिहरू** :

प्रस्तुत नीतिको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न देहायका नीतिहरू लिइएको छ ।

२.३.१. गरिब व्यक्ति तथा परिवारका लागि स्थानीय स्तरमा उत्पादनशिल रोजगारी एवम् स्वरोजगारी सिजर्ना गर्ने ।

२.३.२. उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोगमा गरिब तथा विपन्न वर्गको न्यायपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

२.३.३. गरिबी निवारणका प्रयासहरूमा गरिब एवम् विपन्न वर्गको सहभागितामा स्थापित गर्ने ।

२.३.४. गरिब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यनूतम मानवीय आवश्यकतामा सहज र न्यायपुर्ण रूपमा पहुँच स्थापित गर्ने ।

२.४.५. गरिब र विपन्न प्रति विभिन्न स्वरूपमा हुने सबै प्रकारका विभदेको अन्त्य गर्ने ।

२.४. **रणनीति तथा कार्यनीति** : २.४.१.गरिब व्यक्ति तथा परिवारका लागि स्थानीय उत्पादनशिल रोजगारी एवम स्वरोजगारी सिर्जना गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछ ।

२.४.१ **रणनीतिः**

क) गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालन समेतको माध्यमबाट प्राथमिकताको आधारमा स्थान र लक्षित वर्गको समुहको पहिचान गरिने छ ।

ख) लघु तथा घरेलु उद्यमिहरूलाई सम्भव भएसम्म समुहमा आवद्ध गरी उद्यमशिलता तथा सीप विकास तालिममा उपयक्तु प्रविधि, लघु कर्जा र बजारीकरणमा समेत सहयोग पुऱ्याउन एकीकतृ व्यबसाय विकास सेवा प्रदान गर्ने ब्यवस्था तथा औद्योगिक ग्राम स्थापना मिलाईने छ ।

ग) स्थानीय उत्पादन हुने वस्तुहरूको पहिचान गरी बजारीकरणको लागि प्रचार प्रसार गर्ने ।

घ) व्यावसायिलाई बजार मागमा आधारीत गुणस्तरीय बस्तु उत्पादन गर्ने क्षमता विकास उत्पादकत्व अभिबृद्धि गरी प्रतिस्प्रर्धी बन्न प्रोत्साहित गरिनेछ ।

ङ) उद्यमीहरूलाई पुँजी निमार्ण गर्नका लागि र बचत गर्न प्रोत्साहित गर्ने र सहकारीमा आबद्ध हुन प्रोत्साहित गरिने छ ।

च) उद्यमीहरूको उत्पादनको उचित बजारीकरणको लागि वाणिज्य सघं, घरेलु तथा साना उद्योग महासंघ र लघु उद्यमी संघसँग समन्वय गरी उत्पादनको उचित बजारीकरणमा ब्यवस्था गरिने छ ।

छ) प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम कायर्क्रमहरू सञ्चालनमा सरकारी निकायहरूका साथै सहकारी संस्थाहरू गरैसरकारी संस्थाहरू, सामदुायिक संस्थाहरू र निजी क्षत्रेलाई समेत परिचालन गर्ने ।

ज) रोजगार तथा स्वरोजगारमुलक सीप विकास तालिम तथा शैक्षिक कायर्क्रम सञ्चालन गरिरहेका सरकारी, सहकारी,

गैरसरकारी तथा निजी क्षेत्रबीच सहकार्य समन्वय र सहजीकरण गर्ने । यस्तो शैक्षिक कार्यक्रम तथा प्रणाली मार्फत समाजमा सबै पेशालाई सम्मान गर्ने संस्कारको विकास गर्ने ।

ञ) साथै रोजगार तथा स्वरोजगारमलूक शिक्षा र प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम कायर्क्रमहरू सञ्चालन गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सघं सस्था तथा निकायको कायर्क्रमहरूलाई गरिब लक्षित बनाउने ।

ट) स्थानीय जनशक्ति तथा स्थानीय स्रोत साधनको उपयोग हुनेगरी साझेदारी निकायहरूलाई समेत परिचालन गरी रोजगारीको सिर्जना हुने तथा गरिबलाई टेवा पुग्ने गरिबी निवारण केन्दीत कायर्क्रमहरू कार्यान्वयन गर्ने ।

ठ) बैदेशिक रोगजारीबाट फर्किएका युवाहरूमा रहेको सीप परिक्षण गरी प्रमाणीकरण गर्ने र उनीहरूलाई आफुले आर्जन गरेको विप्रेषणलाई उत्पादन तथा सेवा क्षेत्रमा लगानी गर्न तथा संगठिन कृषि तथा पशुपालन उद्यमशिलतामा लाग्न प्रेरित गर्नुका साथै उद्यमशिलता संस्था स्थापनामा सहयोग गर्ने ।

ड) विपन्न मानिसहरू बसोवास गर्ने समुदायमा रहेको परम्परागत ज्ञान सीपको स्तर बृद्धि गर्न त्यस्ता स्थानमा रहेका विद्यालयमा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

ढ) अनौपचारिक क्षत्रेमा सलंग्न श्रमिकहरूको जीविकोपार्जन उचित ज्याला सहितको सरुक्षित र मर्यादित रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सम्बन्धित नियकायहरूसँग समन्वय गर्दै लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

## २.४.२ कार्यनीतिः

क) परम्परागत पेशागत सीपलाई आधुनीकिकरण गरिने छ साथै रोजगारमुलक सीप तथा शिक्षा सम्बन्धी कायर्क्रम गरिने छ

ख) बजार माग र जनचाहना बमोजिम उद्यम सञ्चालन गरी बस्तु उत्पादन गर्ने ।

ग) स्थानीय सीप र आधुनिक प्रविधिलाई प्रोत्साहन गर्ने ।

घ) आधुनिक तथा उपयक्तु प्रबिधिकोबारे उद्यमीलाई जानकारी गराई उत्पादकत्व बृद्धि र गुणस्तरीय बस्तु उत्पादनमा प्रोत्साहन गर्ने ।

ङ) घरेलु तथा साना स्तरका महिला उद्यमीहरूलाई बैङ्कि तथा सहकारी मार्फत सरल सहुलियत कर्जाको ब्यवस्था गर्ने ।

च) स्थानीय कच्चा पदार्थमा आधारित उद्यम गर्नेलाई सम्मान एवं पुरस्कतृ गर्ने ।

छ) स्थानीय तहले उद्यमशिल एवं ब्यवसायिक शिक्षा अध्ययन गर्ने छात्रबृत्रिको ब्यवस्था गर्ने ।

ज) बैदेशिक रोजगारीबाट फर्केकाहरूलाई सीप विकास तालिममा सहभागी हुन प्राथमिकता दिने।

झ) युवाहरूलाई उद्यमशिल बनाउन उद्यमशिलता तालिम सञ्चालन गर्ने ।

ञ) स्थानीय स्रोतसाधनको अधिकत्म परिचालन माफर्त रोजगारीको सिर्जना गरिने छ ।

ट) बैदेशिक रोजगारिकामा आबद्ध जनशक्तिलाई स्वदेशमै रोजगारीको सुनिश्चिता हुने प्रतिबद्धता सहितको कायर्क्रम सञ्चालन गरिने छ ।

ठ) युवाहरूलाई उद्यमशिलता बनाउन उद्यमशिलता तालिम सञ्चालन गर्ने ।

### २.४.३. नीति

उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोगमा गरिब तथा विपन्न वर्गको न्यायपूर्ण

पहुँच तथा सहभागिता सुनिश्चित गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

**रणनीति** :

क) प्राकृतिक रूपमा पाइने खानीहरूको उत्खनन गरी बजारीकरण गर्न व्यवस्था मिलाउने ।

ख) नदि किनार छेउमा रहेका जमिनमा बगर खेति गर्नको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।

ग) व्यवसायिक खेति गर्न चाहने ब्यक्ति वा समुहलाई आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहायता गर्ने र त्यसबाट निर्माण/उत्खनन हुने सामाग्रिहरूको बजारीकरणमा सहयोग गर्ने । नियमित अनुगमन तथा मल्याङ्कन गरी अद्यावधिक स्थिति सार्वजनिक गरिनेछ ।

घ) व्यवसायिक कृषि पशुपालन जडिबुटि उत्पादन तथा प्रशोधन गैरकाष्ठ बन पैदवार हस्तकला आदिमा आधारित तथा अन्य विधामा व्यक्तिगत पारिवारिक वा समूहगत रूपमा उद्यमी बन्न चाहने गरिब व्यक्ति तथा परिवारलाई आवश्यक पर्ने प्रविधि, जमिन, उपकरण, उर्जा, कच्चा पदार्थ कर्जा तथा अन्य प्रबन्ध सहज रूपमा उपलब्ध गराउन सहकारी संस्था एवम साझेदार निकायहरूसँग सहकार्य गर्ने ।

ङ) कृषि उद्यमी बन्न चाहने भूमिहीन र गरिब किसानहरूलाई सरोकारवालाहरूको सहकार्यमा कृषि योग्य सहकारी जग्गा सहुलियतपूर्ण रूपमा उपलब्ध गराउने तथा निजी जग्गा भाडामा लिने र दिनेको बीचमा सहजीकरण गर्ने । कृषियोग्य जमिन भाडामा लिई करार खेती गर्ने कार्यलाई प्रोत्साह गर्ने ।

च) लक्षित व्यक्ति, परिवार समुदायको उद्यमशिलताका लागि आवश्यक स्रोत, कच्चा पदार्थ प्रविधि उपकरण उर्जा तथा पुँजी लगानीको लागि सम्बन्धित सरकारका निकायसँग समन्वय र सहकार्य गर्ने ।

छ) अति दुर्गम क्षेत्रमा विद्यमान निरपक्ष र जटिल प्रकृतिको गरिबी निवारणका लागि सम्भाव्य स्रोत साधनको परिचालन गरी उत्पादन बृद्धि गर्ने बजारसम्मको पहुँच बढाउन सडक लगायतका भौतिक पूर्वाधार निर्माण कार्यमा समन्वय गर्ने ।

ज) कृषि उत्पादन बढाई पालिकालाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउन भूमिको बैज्ञानिक वितरणमार्फत भूमिमा गरिबहरूको पहुँच सुनिश्चित गराउन सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

झ) जलबायु परिवर्तनको प्रभाव र प्राकृतिक विपदबाट सिर्जित सङ्कट कम गर्न तथा गरिब एवम् जोखिममा रहेको परिवारलाई विपदको प्रभावबाट बाहिर ल्याउन विपद् व्यवस्थापनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी जलवायू परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गर्ने ।

ञ) स्वरूप विग्रिएका वन नदी तथा अन्य कृषि व्यवसाय योग्य सार्वजनिक जग्गालाई वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी पहिचान प्राप्त गरिबहरूलाई उपलब्ध गराई कृषि तथा उद्योग व्यवसाय पव्रर्द्धन गरी आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्ने ।

**कार्यनीति** :

क) गाउँपालिका क्षेत्र भित्र पर्ने खानिहरू उत्खनन गर्न आवश्यक समन्वय र सहजिकरण गरिने छ ।

ख) नदि किनार क्षेत्रमा रहेको बाँझो जग्गाको तथ्याङ्क सङ्कलन गरिने छ ।

ग) नदी किनारामा माछा, खेतीगर्न सरकारी जग्गा निश्चित अवधिका लागि दिने व्यवस्था गरिने छ । स्वरूप बिग्रिएका जमिन र कृषि प्रयोगमा नआएको जमिनको संरक्षण गरी यस्ता जमिनमा व्यवसायिक जडिबुटी, निजीवन खेती गर्न चाहने युवा कृषि उद्यामी व्यवसायिकहरूलाई आवश्यक प्राविधिक टेवा र सरल कर्जा सेवा उपलब्ध गराउन समन्वय गरिने छ ।

घ) जलबायु परिवर्तनले कृषि तथा अन्य पेशामा पार्ने प्रभावलाई कम गर्न र बदलिँदो हावापानी अनुसार जोखिम तथा अवसरको पहिचान गरी गरिब परिवारलाई लाभ पुऱ्याउन सम्बन्धित

निकायहरूको समन्वयमा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) स्वरूप बिग्रिएका वन खाली क्षेत्र तथा अन्य यस्तै क्षेत्र गरिब तथा विपन्न वर्गका व्यक्ति, परिवार वा समुदायलाई कबुलियती वनको रूपमा उपलब्ध गराई वन पैदावरमा आधारित आयआर्जन तथा सीपमलुक क्रियाकलापहरू प्रवर्द्धन गरिने छ ।

च) वन पैदवारमा आधारित घरेलु उद्योगहरू (हातेकागज, डोको बुन्ने, बेतवाँस, फर्निचर उद्योग आदी) को प्रवर्द्धन गरी स्वरोजगारी सिर्जनामार्फत गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याइनेछ ।

छ) सामुदायिक वन उपभोक्ता समूह भित्रका अति विपन्न परिवारलाई सामुदायिक वन भित्रको कुनै क्षेत्र निशुल्क लिजमा उपलब्ध गराई आयमलूक कार्य गर्न प्रोत्साहन गरिने तथा तत्सम्बन्धी कार्यलाई सहज र सरल गराउन सम्बन्धित कानुनमा आवश्यक परिमाजर्न गरिनेछ ।

ज) इन्धनमा परनिर्भरता घटाई वन पदैवार (जस्तै काठ, दाउरा घास) को आवश्यकता परिपुर्ति गर्न कृषि योग्य क्षेत्र बाहेक बाँकी रहेका जग्गामा समेत बहुउपयोगी प्रजातिका रुख रोप्ने कार्य (एग्रोफरेष्ट्री) लाई प्रवद्धर्न गरिनेछ र यसको लागि निशुल्क बिरुवा उपलब्ध गराइनेछ ।

झ) बायोग्याँस : सोलार विद्युतीय चुलो जस्ता पयार्वरण तथा स्वास्थ्यमैत्री इन्धनका प्रयोग लाई प्रवर्द्धन गर्न सरकारी, सहकारी, नीजि संस्थाहरूबीच आवश्यक समन्वय गरिनेछ । यस्तो कार्यका लागि गरिब तथा विपन्न परिवारलाई लक्षित गरी अनुदान तथा न्यून व्याजदरमा सहजरूपमा कर्जा उपलब्धको व्यवस्था गरिनेछ ।

ञ) सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै सहकारी संस्थाहरूलाई समेत परिचालित गरी पहिचान भएका गरिब परिवारलाई लक्षित कृषि, गैरकृषि जडिबुटी, गैरकाष्ठ

बनपैदवार तथा हस्तकलामा आधारित उद्यम गर्नका लागि श्रोत साधन, प्रविधि र लगानीमा पहुँच पुऱ्याउन आवश्यक सहयोग र परामर्श उपलब्ध गराइनेछ ।

ट) विद्यमान परम्परागत ज्ञान, सीप र प्रविधिमा समयानुकुल सुधार र परिमार्जन गरी उद्यमी बन्न चाहने गरिब व्यक्ति परिवार तथा समुदायलाई गुणस्तरीय बस्तु तथा सेवा उत्पादन गर्न सक्ने गरी सक्षम बनाउन आवश्यक साधन श्रोत र कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**२.४.४. नीति** २.४.३. गरिबी निवारणका प्रयासहरूमा गरिब एवम् विपन्न वर्गको सहभागिता स्थापित गर्नका लागि देहायका रणनीति तथा कार्यनीति लिइनेछन ।

**रणनीतिः**

क) वैदेशिक रोजगारबाट सीप सिकी स्वदेश फर्केका युवाहरूलाई आयआर्जनका माध्यमबाट सामाजिक सुरक्षा र रोजगारीको अवसर प्रदान गर्नु ।

ख) बहुसरकारको अवधारणा अनुसार सार्वजनिक निजी र सहकारी क्षेत्रको समन्यमा सहकार्य र सहभागितामा घरेलु, साना तथा लघु उद्योगको स्थापना गरी आयआर्जनमूलक कायर्क्रमा सहभागिता अभिबृद्धि गर्ने ।

ग) गरिबी निबारण गर्नका लागि गरिबीको रेखामुनि रहेका ब्यक्ति, परिबार तथा समुदायहरूलाई ब्यवसायिक सीपमुलक र गुणस्तरीय शिक्षाको पहुच सुनिश्चिताको कायम गर्ने ।

घ) पयर्टन क्षेत्रको पवर्द्धन र सदुपयोग गर्दै गरिबीको रेखा मुनि रहेका गरिब समदुायका ब्यक्तिहरूलाई आयआर्जन मार्फत रोजगारीको अवसर सिजर्ना गर्ने ।

ङ) सामाजिक, सास्कृतिक र धार्मिक क्षेत्रतर्फ सचेतना अभिबृद्धि गर्दै सुसास्कृतिक सभ्य समाजको निर्माणमा टेवा पुऱ्याउने ।

च) बाल विवाह, महिला हिंसा, घरेलु हिंसा, धार्मिक, सामाजिक, सास्कृतिक विकृतिको अन्त्य गर्दै सामाजिक न्याय, सहिष्णुता सभ्य र न्यायपुर्ण समाजको निर्माण गर्ने ।

छ) गरिब लक्षित व्यक्तिहरूको औसत आयु बृद्धि गर्न बाल तथा मातृ मृत्युदर घटाउने ।

ज) कृषि तथा गैरकृषिमा आधारित सहकारी संस्थाहरूलाई आवद्ध गराई सहकारी बजार प्रणाली मार्फत उत्पादन देखि बजारसम्मको सञ्जाल विकास गरी मुल्य श्रखृंला सुचिश्चित गर्ने ।

झ) गरिब, महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति र लक्षित वर्गको संलग्नता, स्वामित्व र सहभागिता रहेका सहकारी, गैरसरकारी र सामुदायिक सस्थाहरूको सस्थागत क्षमता र नेतत्व विकास गरी गरिबहरूको पहुँच तथा प्रतिनिधित्व बढाउदै उनीहरूलाई सामाजिक परिचालमा संलग्न गराउने ।

ञ ) पर्यटन क्षेत्रसँग सम्बन्धित संस्थाहरूलाई परिचालन गरी गरिबी निवारणको उद्देश्यसँग आवद्ध गर्ने एवम् पयर्टन र पर्यावरण बीचको सम्बन्धित उद्यमशिलता विकास गर्ने ।

ट) गरिबी निवारणका सफल प्रयासहरू पहिचान गरी त्यस्ता कायर्क्रमहरूलाई गरिब व्यक्ति परिवार विपन्न वर्ग तथा समुदाय, पिछडिएको क्षेत्रमा स्थानीय स्रोत, साधन र जनशक्तिको परिचालन हुने गरी कार्यान्वयन गर्ने ।

**कार्यनीति** :

क) गरिब परिवारको वास्तविक तथ्याङ्क सङ्कलन गरी सो मार्फत शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत सबै क्षेत्रगत नीति योजना तथा कार्यक्रम तर्जुमा गरी कायर्क्रमहरू सञ्चालन गरिने छ ।

ख) घरेलु तथा साना उद्योग मार्फत बैदेशिक रोजगारबाट फर्केका युवा लगायत उमेर लक्षित कार्यक्रम सञ्चालन गरी उनीहरूको आयआर्जन मार्फत रोजगारी, सामाजिक सुरक्षामा

आवद्ध गर्न स्थानीय तहको बिशेष संरक्षण मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) स्वास्थ्य शिक्षा, रोजगारीबाट बञ्चीतिकरणमा परेका बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिला, अति बिपन्न नागरिकहरूलाई गरिबी निवारण नीति बनाई कार्यक्रम सञ्चालन गरिने छ ।

घ) गरिबहरूले स्थानीय श्रोत साधन, सीप र लगानीमा उत्पादन गरेका मौलिक उत्पादनहरूको बजार प्रवर्द्धर्न गर्न सरकारी गैर सरकारी एवम् निजी क्षेत्रसँग समन्वय गरी बजार केन्द्र विकास शीतभण्डार निर्माण, निर्यात प्रवर्द्धन जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ङ) राष्ट्रिय तथा क्षेत्रीयस्तरका कायर्क्रमहरू आयोजनाबाट गरिबी निवारणमा पुगेको योगदानको अद्यावधिक प्रतिवेदन तयार गरिने छ ।

च) गरिबी निवारण अल्पकालिन तथा दीर्घकालिन कार्यक्रमहरूलाई अन्तराष्ट्रिय, क्षेत्रिय तथा राष्ट्रिय लक्ष्यहरूसँग तालमेल मिलाउन समन्वय गरिनेछ ।

छ) गरिबी निवारण र आर्थिक समृद्धिसँग सम्वन्धित आयोजनाहरूको सम्भाव्यताको अध्ययन गरिनेछ । मागमा आधारित लक्षित कार्यक्रमहरू र अध्ययनबाट उपयुक्त देखिएका कार्यक्रमहरू एक आपसमा परिपुरक हुने गरी कार्यान्वयन गरिनेछ ।

ज) प्राकृतिक विपदबाट प्रभावित गरिब परिवारलाई लक्षित गरी उनीहरूको पुर्नस्थापना र जीविकोपार्जन सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**२.४.५. नीति** : २.४.४. गरिब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यूनतम मानवीय आवश्यकतामा सहज र न्यायपूर्ण रूपमा पहुँच स्थापित गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

**रणनीति :**

क) गरिबी निवारणका लागि गरिब वर्गको पहिचान गर्ने सुचक निर्धारण गर्ने ।

ख) गरिबी निवारणका लागि सरकारी, गैरसरकारी, नीजि संघसस्थासँग समन्वयात्मक रूपबाट सम्बन्ध स्थापित गरी संस्थागत विकास गर्ने ।

ग) १८-५९ वर्ष उमेर समुह भित्रका वास्तविक बेरोजगारहरूको पहिचान गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

घ) स्थानीय सरकारले प्रदान गर्ने सेवाको पहुँच पहिचान गरी बञ्चितिकरणमा परेका बर्ग, क्षेत्र लिङ्ग र समुदायका लागि बिशेष कार्यक्रम सञ्चालन गर्ने ।

ङ) पयर्टन क्षेत्रको पहिचान गरी त्यसको सञ्चालन, ब्यवस्थापन र प्रबर्द्धन गर्ने ।

च) गरिबी निवारणका लागि अन्तरपालिका स्तर, संघ प्रदेश स्तर, राष्ट्रिय स्तरमा भएका सफल अभ्यासलाई अवलम्बन गर्ने ।

छ) गरिबी निवारणका लागि शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, कृषिमा विकास तथा बिस्तार गर्ने ।

ज) स्थानीय स्तरमा उत्पादन हुने जडिबुटिहरूको उचित सङ्कलन, संरक्षण र बिक्रि बितरण गर्ने

झ) सरुक्षित आवास तथा जीविका सम्बन्धी व्यवस्था गर्न सम्बन्धित निकायमा समन्वय गर्ने ।

ञ) गरिब व्यक्ति तथा परिवारको सामाजिक संरक्षण तथा समाजिक सुरक्षामा पहुँच बृद्धि गर्ने ।

ट) गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने सबै निकायहरूविच प्रभावकारी समन्वय गर्ने ।

**कार्यनीति :**

क) गरिबी पहिचानको लागि सुचक निर्धारण गरी सुचकका आधारमा बास्तविक गरिबको पहिचान गर्ने ।

ख) गरिबी निवारणका लागि सरकारी, गैरसरकारी तथा निजि क्षेत्र सँग समन्वयात्मक रूपमा अगाडि बढने ।

ग) १८ देखि ५९ बषर्का ब्यक्तिहरूको पहिचान गरी उनीहरूलाई सीप विकास, आयआर्जनमुलक क्षेत्रमा सहभागि गराइ रोजगारीको अवसर प्रदान गरी स्वरोजगार बनाउने ।

घ) स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाबाट टाढा रहको वर्ग क्षेत्र समुह समुदायका लागि बिषेश कार्यक्रम सञ्चालन गर्ने ।

ङ) गरिब व्यक्ति, परिवार एवम समुदायको आधारभूत आवश्यकता पुर्ति गर्न टेवा पुग्ने गरी उद्यमशीलता विकास र प्रवर्द्धनका लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रहरूसँग समन्वय गरिनेछ ।

च) गरिबको सुरक्षित बासको आधारभूत आवश्यकता पुरा गरी उनीहरूलाई सुरक्षित र मर्यादितरूपमा उत्पादनशिल श्रममा लाग्न सक्ने बनाउन सम्बद्ध मन्त्रालय, निकाय र अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय गरिने छ ।

छ) पहिचान भएका गरिब परिवारका व्यक्तिहरूलाई सामाजिक संरक्षण र सामाजिक सुरक्षाको छाताभित्र समेट्ने प्रणालीको विकास गरिनेछ ।

ज) सरकारले उपलब्ध गराउने सेवा सुविधा र अनदुानमा पहिचान भएका गरिबहरूलाई प्राथमिकता दिइने छ ।

झ) स्वास्थ्य, शिक्षा, खाद्य, खानेपानी, आवास, मानवीय सुरक्षा लगायतका आधारभूत आवश्यकताका क्षेत्रमा गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ञ) गरिबी निवारणसँग प्रत्यक्ष सम्बन्धित शिक्षा, रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास, समानता, सामाजिक न्याय, सामाजिक सुरक्षा लगायतका मौलिक हकहरू गरिबी निवारणमुखी हुने गरी प्रभावकारिरूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ ।

**२.४.६. नीति** २.४.५. गरिब र विपन्न वर्ग प्रति विभिन्न स्वरूपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछ ।

रणनीति

क) प्राबिधिक तथा व्यावसायिक शिक्षामा जोड दिई दक्ष जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

ख) स्थानीय स्रोत साधन, सीपको पहिचान गरी रोजगारीका अवसर प्रदान गरिनेछ ।

ग) गरिब घर परिवार पहिचान गरी सुचिकरण गरिने छ ।

घ) लैंङिग्क तथा विपन्न वर्गको विभेद अन्त्य गर्न आवश्यक कानून निमार्ण तथा कार्यान्यवन गरिने छ ।

ङ) सरकारी क्षेत्र तथा सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी घरभित्र, कार्यस्थलमा र सार्वजनिक स्थलमा महिला हिंसा तथा लैगिक हिंसा विरुद्ध हुने हरेक प्रकारका हिंसा र दुव्यवहारप्रति शुन्य सहनशीलताको नीति लिईने छ । त्यस्ता हिंसा र दुर्व्यवहारबाट महिला तथा किशोरीको जीवनमा पर्न सक्ने प्रतिकुल प्रभाव एवम सामाजिक तथा आर्थिक जोखिम न्यूनीकरण गर्न सचतेना एवम परामर्श सेवा प्रदान गरिने छ ।

च) सरकारी क्षेत्र तथा सराकारवालाहरूसँग समन्वय र सहकार्य गरी समाजमा विद्यमान सबै प्रकाका कुसंस्कार र कुरीतिहरू हटाई यसबाट व्यक्ति परिवार र समुदायमा परिरहेको प्रतिकुल सामाजिक तथा आर्थिक प्रभावलाई कम गरी न्याय, समता र समृद्धितर्फ उन्मुख गराइनेछ ।

छ) गाउँपालिकाको योजना र बजेट निमार्ण प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित हुने गरी लैङ्गिक उत्तरदायी बजेट निर्माण गरिनेछ। र सोको कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ।

ज) लैङ्गिक गरिबी निवरणका लागि महिलाको घरभित्रैको अवैतनिक कार्यबोझ पर्नुभाषित र पुनविर्तरण गरी महिलाहरूलाई सामाजिक आर्थिक रूपमा लाभप्रद कार्यमा संलग्न हुन प्रोत्साहित गर्ने गरी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) माध्यामिक तह सम्म प्रदान गरिने शिक्षामा स्थानीय तह स्तरीय छुट्टै पाठयक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ।

ख) उच्च मुल्यको बाली उत्पादन, पशुजन्य उत्पादनका लागि जनशक्ति उत्पादन गर्न बिद्यालय तहको पाठ्यक्रममा प्राबिधिक तथा व्यावसायिक शिक्षामा जोड दिइनेछ।

ग) परम्परागत कृषि प्रणलीलाई आधुनिकिकरण गर्न तालिम तथा नयाँ नयाँ प्रबिधिको प्रयोग गरिनेछ।

घ) समाजमा विद्यामान कुसंस्कार तथा कुरितीहरूलाई हटाउन सबै सरोकारवालाहरूको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) गरिबीको सघनता र गहनता वढी भएको भौगौलिक क्षेत्र, समुदाय तथा परिवारहरूको जीवनशैली तथा परम्परागत पर्वहरू मनाउने शैलीमा सापेक्ष सुधार गरी खाद्य प्रशोधन तथा भण्डारण बढी स्वस्थकर, वातावरणमैत्री र मितव्ययी बनाइनेछ।

च) लैङ्गिक उत्तरदायी बजेट निर्माणका लागि कर्मचारीहरूको क्षमता विकास गरिने छ।

छ) लक्षित गरिब परिवार र समुदायका महिलाहरूलाई उद्यमशिलताका लागि आवश्यक स्रोत कच्चा पदार्थ, प्रविधि,

उपकरण, उर्जा तथा लगानीमा सहयोग गर्न सम्बन्धित सरकार तथा अन्य निकायसँग तालिम, अनुदान, बजार व्यवस्थापन आदीको लागि समन्वय र सहकार्य गरिनेछ ।

ज) महिला, दलित, जनजाती, शारीरिक अशक्तता भएका व्यक्ति, सिमान्तकृत समुदाय तथा अति विपन्न परिवारका सदस्यले आफुसँग भएको सीपमा आधारित उद्यम गरेमा सहुलियत कर्जा दिन सम्बद्ध निकायसँग उचित समन्वय र सहजीकरण गरिनेछ ।

झ) विभिन्न किसिमबाट वञ्चित्तिकरणमा परेका अति विपन्न परिवार र समुदायलाई परिचालनका आधारमा छनौट गरी आवश्यक दक्षता बृद्धि गराई उद्यम विकास कार्यर्क्रममा सहभागी गराउदै सरकारी संस्थामा आवद्ध गर्न प्रोत्साहान गरिने छ ।

ञ) विभिन्न समुदायका परम्परागत सीप र पेशाको जगेर्ना तथा परिमार्जन सहित व्यवसायिकरण गर्ने गरी सीपमा आधारित व्यवसायलाई बजारको माग अनुरूप परिमार्जन गराई जीविकोपार्जनमा सुधार पुर्‍याइनेछ ।

ट) न्यायमा सबैको पहुँच स्थापित गर्न सामाजिक रूपले पिछडिएको कारण गरिबीमा परेका व्यक्ति तथा समुदायलाई कानुनी शिक्षा र सचेतनाको माध्यमबाट सशक्तिकरण गरी आधारभूत मावन अधिकारको कार्यान्वयनमा जोड दिइनेछ ।

## ३. नीतिको प्रभावकारी कार्यान्वयन

## ३.१. नीतिको कार्यन्वयन व्यवस्था

**३.१.१.** नीतिले लिएका उपयुक्त उद्देश्यहरू पुरा गर्नका लागि कार्यात्मक समन्वयात्मक एवम् सहकार्यात्मक र अनुगमनात्मक र सुधारात्मक समेत गरी त्रिआयमिक कार्यान्वयन रणनीति अवलम्बन गरिनेछ ।

**क) कार्यात्मक** :

कार्यात्मक रणनीतिअनुरूप गाउँपालिकाले गरिबी निवारणको लागि प्रत्यक्षरूपमा आफैले सञ्चालन गर्ने कार्यक्रमहरू पर्दछन । ती कार्यकमहरूको गाउँपालिकाले अन्य निकायहरू

र साझेदार एवम सहयोगी संस्थाहरूसँगको सहकार्यमा कार्यान्वयन गर्नेछ। त्यसैगरी अन्य नीतिहरू तथा यस नीतिको बीचमा नीतिगत सामन्जस्य र तादात्म्यता कायम गर्नका साथै कार्यगत समन्वयका लागि विभिन्न निकायहरूद्वारा सञ्चालनमा रहेका तथा अव सञ्चालन गरिने गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम, योजना तथा परियोजनाहरू बीच कार्यगत तहमा सहकार्य गरिनेछ।

**ख)** **समन्वयात्मक र सहकार्यात्मक** : गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम तथा आयोजनाहरूमा प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । साझेदारहरूको सहयोग तथा सहकार्यमा सञ्चालनमा रहेका गरिबी निवारणसँग सम्बन्धित सबै प्रकारका कार्यक्रमहरू विच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।

**ग)** **अनुगमनात्मक र सुधारात्मक** :विभिन्न निकायहरूले गरिबी निवारणको क्षेत्रमा सञ्चालन गरेका योजना कार्यक्रम तथा परियोजनाहरूको स्थिति प्रभाव र नतिजा सम्बन्धी नियमित अनुगमन गर्नेछ । त्यसैगरी नेपाल सरकारका विकास साझेदारहरू र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरू सहकारी संस्थाहरू तथा अन्य सरोकारवाला संस्थाहरूद्वारा सञ्चालन भएका गरिबी निवारणसँग सम्बन्धित परियोजना तथा कार्यक्रमहरूको स्थिति प्रभाव र नतिजा सम्बन्धी अनगुमन तथा मूल्याङ्कन गरिनेछ।

**३.१.२. संस्थागत व्यवस्था**_यो नीति कार्यन्वयनको नेतृत्व गाउँपालिकाले गर्नेछ। गाउँपालिकाले आवश्यकता अनुसार समन्वय समिति तथा सरोकारवालाहरू रहेको आवश्यक संयन्त्र तयार गर्न सक्नेछ।

**३.१.३. आर्थिक स्रोत व्यवस्थापन**_गरिबी निवारण नीतिको कार्यान्वयनलाई सघाउ पुग्ने गरी वित्तिय साधन स्रोत लगायत अन्य साधन स्रोतको व्यवस्थापनका लागि निजी र सहकारी क्षेत्रको समेत स्रोत साधन परिचालन गरिनेछ साथै आवश्यकता तथा प्राथमिकता अनुसार गरिबी

निवारणका लाीग अन्य साझेदारहरूसँग सहकार्य र समन्वय गर्न सकिने छ ।

३.१.४. **कानूनी व्यवस्था :** गाउँपालिकाले यस नीति कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था मिलाइनेछ। आवश्यकता अनुसार मार्गदर्शन, निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ। यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सहजीकरण, समन्वय र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।

३.२. गरिबीको परिभाषा र पहिचानको आधार, यस नीतिको प्रयोजनका लागि गरिबी र सो सम्बन्धी अन्य विषयमा साझा परिभाषा गरिबी मापनका आधारहरू देहाय बमोजिम गरिएको छ ।

क) गरिबी मापनका आधारहरू :

१) आय,
२) उपभोग,
३) दिगो जीवनयापनका लागि उत्पादनशिल साधनमा पहुँच,
४) शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत आवश्यकताका बस्तु तथा सेवामा पहुँच,
५) सामाजिक विभेद तथा बहिष्करण,
६) आधारभूत मावन अधिकार,
७) क्षमता ।

ख) निरपेक्ष गरिबी भन्नाले आधारभूत मानवीय आवश्यकता बस्तु क्षमता र सेवाबाट विमुख हुने अवस्थामा जीवनयापन गर्न बाध्य भएको स्थितिलाई जनाउने छ। यस अन्तरगत खाद्य पदार्थ र पोषणको अवस्था, शुद्ध पिउने पानी, सरसफाइ सम्बन्धी आधारभूत सुविधा, आधारभूत स्वास्थ्य, सुरक्षित बासस्थान, शिक्षा र आधारभतू सूचनाको उपलब्धता आदि पर्दछन ।

ग) उपभोगका आधारमा गरिबी भन्नाले आ.व. २०७८ को मल्युमा बार्षिक रु १९,२६१ भन्दा कम उपभोग गर्ने अवस्थालाइ जनाउने छ ।

घ) आधारभूत आवश्यकताको परिपुर्तिका आधारमा गरिबी भन्नाले आधारभूत तथा मर्यादित जीवनयापनका लागि आवश्यक पर्ने सेवा

सुविधाबाट बञ्चित हुनपर्ने  अवस्थाबाट सिर्जित गरिबीलाई जनाउने छ ।

ङ) सक्षमताका आधारमा गरिबी भन्नाले सबै प्रकारका गरिबी र विमुखताबाट मुक्त भै आत्मसम्मान तथा आत्मनिर्देशित जीवनयापन गर्ने सक्षमताको कमीका कारणले हुने गरिबीलाई जनाउने छ ।

च) जीवनको गुणस्तरका आधारमा गरिबी भन्नाले मानवोचित न्यूनतम जीवनयापनका लागि आवश्यक साधन अवस्था र सुविधाको कमीले गर्दा भौतिक सामाजिक मनोबैज्ञानिक सन्तुष्टिका साथै आत्म सन्तुष्टिजन्य अवस्थाबाट विमुख हुने स्थितिलाई जनाउँछ ।

छ) असमानता र विभेदका आधारमा गरिबी भन्नाले लैङ्गिक, जातीय, भौगोलिक, शारीरिक तथा आर्थिक आधारमा गरिने असमान व्यवहार असुरक्षाको स्थिति बञ्चितीकरण सङ्कटाभिमुखता तथा सबै प्रकारका विभेदको अवस्थामा जीवन जिउन बाध्य हुने स्थितिलाई जनाउनेछ ।

ज) मानव अधिकारको हननबाट हुने गरिबी भन्नाले आधारभूत हक अधिकार र स्वतन्त्रताको उपभोग गरी मानवोचित जीवनयापन गर्न पाउने नैसर्गिकता माथिको अवरोधको अवस्थालाई जनाउने छ ।

**३.३. नीति कार्यान्वयन जिम्मेवारी :** नीति कार्यान्वयनका लागि गाउँपालिकाकाको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

**क)** गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियम सम्बन्धी कार्य गर्ने गरिबी निवारण सम्बन्धी अध्ययन अनुसान्धान गर्ने,

**ख)** गरिब परिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने, पहिचान भएका गरिब परिवार एंवम् लक्षित समुह सम्बन्धी योजना, कायर्क्रम, स्रोत परिचलान र व्यवस्थापन गर्ने ।

**ग)** स्थानीय स्तरमा गरिबी निवारणको रणनीति तर्जुमा र कार्यान्वयन गर्ने, संघ र प्रदेशको मापदण्ड बमोजिम स्थानीय स्तरमा सामाजिक सरुक्षा योजना तयार  गरी  व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

ङ) नीति, योजना तथा कायर्क्रम कार्यान्वयनमा संघ र प्रदेशसँग सहकार्य एवम समन्वय गर्ने ।

३.४. **अनुगमन र मूल्याङ्कन** : नीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन देहायनुसार हुने छ ।

क) नीतिको अनुगमन र मूल्याङ्कन गर्दा नीतिको कार्यान्वयन योग्यता, प्रभावकारिता, उपलब्धी र प्रभावसम्बन्धी दृष्टिकोणलाई आधारका रूपमा लिइनेछ ।

ख) नीतिको नतिजामुलक कार्यान्वयनका लागि नतिजा अनुगमनका सूचक निर्माण गरिनेछ ।

ग) गाउँपालिकाले यस नीतिको कार्यान्वयनको समष्टीगत स्थितिको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

घ) सबै निकायले आ आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा गरिबी निवारण नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधानको प्रयास गर्नु पर्नेछ ।

३.५. **नीतिमा परिमार्जन तथा सुधार** :

क) नीति कार्यान्वयनको सामान्यत : पाँच वर्ष परा भएपछि स्वतन्त्र रूपमा पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

ख) बिभिन्न निकायहरू एवम दातृ निकाय र गैरसरकारी सामाजिक संस्थाहरूलाई समेत सहभागी गराई यस नीतिको पुनरावलोकन, परिमार्जन र मूल्याङ्कन गर्न सक्नेछन ।

३.६ **प्राकृतिक प्रकोप तथा बिभिन्न जोखिमको बेलामा गरिबी निवावरण सहयोग** :

क) यस नीतलि प्राकृतिक प्रकोप जस्तो बाढी, पहिरो भुकम्प, आगलागि हुदा, खडेरी चट्याङ बाट जोखिमा रहेका परिवारलाई पहिलो प्राथमिकमा राखेर उनीहरूलाई उद्धार तथा राहतका क्रियाकलाप सञ्चालन गर्ने ।

ख) गाउँपालिका तथा गाउँपालिकाका वडामा हुने बिभिन्न जोखिमहरूको किसिम के के छन् सुची तयार गरी सतर्क रहने ।